बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

# बागमती प्रदेशस्तरीय ज्येष्ठ नागरिक नीति, २०८०

बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

२०८०

Scanned with CamScanner

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

# विषयसूची


१. पृष्ठभूमि ........ १
२. ज्येष्ठ नागरिकसम्बन्धी अन्तराष्ट्रिय तथा राष्ट्रिय कानूनी प्रवन्ध, नीति तथा कार्ययोजना ........ २
३. नीतिको आवश्यकता ........ ७
४. मुख्य चुनौतीहरू ........ ७
५. नीतिको दीर्घकालीन लक्ष्य ........ ८
६. प्रमुख उद्देश्यः ........ ८
७. नीतिः ........ ८
८. रणनीति ........ ९
९. नीति कार्यान्वयनको जिम्मेवार निकाय ........ १४
१०. नीति कार्यान्वयनको अनुगमन र मूल्याङ्कन प्रणाली ........ १५

# बागमती प्रदेशस्तरीय ज्येष्ठ नागरिक नीति, २०८०

## १. पृष्ठभूमि

नेपाली समाजको मौलिकता तथा संस्कारलाई प्रतिबिम्बित गर्ने "मातृ देवो भव, पितृ देवो भवः" को अवधारणाले समाजमा रहेका ज्येष्ठ नागरिकहरूलाई परिवार, समाज र राष्ट्रका सम्मानित व्यक्तित्वको रूपमा लिनुपर्ने बुझाउँछ। विश्वका सबै मुलुकहरूमा उमेरको आधारमा निश्चित उमेर अवधि पार गरेका व्यक्तिलाई ज्येष्ठ नागरिक भनी सम्बोधन गरिएको पाइन्छ, सोही अनुरूप नेपालको प्रचलित कानूनले पनि साठी वर्ष उमेर पुगेका व्यक्तिलाई ज्येष्ठ नागरिक मानेको छ। आफ्नो जीवनको महत्त्वपूर्ण कालखण्डमा आफ्नो ज्ञान, सीप र अनुभव परिवार, समाज र राज्यको समुन्नतिको लागि प्रयोग गरी जीवनको उत्तरार्द्धमा प्रवेश गरेका ज्येष्ठ नागरिक प्रति सबैको निश्चित दायित्व रहेको हुन्छ। ज्येष्ठ नागरिकहरू प्रति राज्य, समाज तथा परिवारको दायित्व, नैतिकता, संस्कार तथा राज्य निर्मित कानून बमोजिम रहेको हुन्छ। ज्येष्ठ नागरिकहरूलाई सम्मानित, मर्यादित र सरल जीवनयापनका लागि अरू कसैको सहायता, साथ वा सहयोगको आवश्यकता पर्ने हुनाले सो आवश्यकताको उचित परिपूर्तिका लागि राज्य, समाज र परिवार सदैव तत्पर रहनुपर्दछ।

पूर्वीय समाजको आधारभूत विशेषताका रूपमा रहेको संयुक्त परिवारको अवधारणा हाल कमजोर हुँदै गएकाले ज्येष्ठ नागरिकहरूले आफ्नो उमेर र अवस्थाअनुकुल हेरचाह र मायाममता पाउन सङ्घर्ष गर्नुपर्ने दुःखदायी अवस्थाको सिर्जना भएको छ। राज्यका निकायबाट मर्यादित, सम्मानित र सुरक्षित जीवनका लागि आवश्यक सुविधा, सहुलियत तथा सहयोगको वैध अपेक्षा (Legitimate Expectation) प्रत्येक ज्येष्ठ नागरिकको हुन्छ। राज्यसँग त्यस्तो सुरक्षाको अपेक्षा र दावी गर्नु न्यायोचित हो। ज्येष्ठ नागरिकहरूको धेरै लामो समयको अनुभवबाट प्राप्त ज्ञान, सीप, क्षमतालाई समाज एवं राष्ट्रको हितमा प्रयोग गर्न सकिन्छ भने उनीहरूप्रति राष्ट्रले आफ्नो दायित्व पूरा गरेर बाँकी जीवन सम्मानित, सुखद र सुरक्षित पार्नुपर्ने हुन्छ।

अतः सामाजिक संरचनामा देखापरेका परिवर्तन बमोजिम ज्येष्ठ नागरिकको अधिकारको रक्षा गर्न तथा उनीहरूको जीवनलाई सम्मानित, मर्यादित र सुविधाजनक बनाउन राज्यका संयन्त्रहरू विगतको तुलनामा थप सक्रिय हुनुपर्ने आवश्यकता छ। यस पृष्ठभूमिमा ज्येष्ठ नागरिकहरूका ज्ञान, सीप र अनुभवलाई सामाजिक र आर्थिक विकासका उत्प्रेरक तत्वको रूपमा ग्रहण गर्दै राज्यको संवैधानिक, कानूनी तथा नैतिक दायित्वबमोजिम ज्येष्ठ नागरिकको जीवनलाई गुणस्तरीय, सुरक्षित र सम्मानित बनाउने अवधारणाका साथ यस नीतिको निर्माण गरिएको छ।

## २. ज्येष्ठ नागरिकसम्बन्धी अन्तराष्ट्रिय तथा राष्ट्रिय कानूनी प्रबन्ध, नीति तथा कार्ययोजना

### २.१ ज्येष्ठ नागरिकसम्बन्धी अन्तराष्ट्रिय कानूनी व्यवस्था

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८(UDHR), नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९६६(ICCPR), आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६(ICESCR) मा व्यवस्थित मानव अधिकारहरू हरेक उमेर समूहका मानवलाई प्राप्त हुन्छ। जन्मसिद्ध, नैसर्गिक रूपमा प्राप्त हुने अहरणीय प्राकृतिक अधिकारहरू (Inalienable Natural Rights) ज्येष्ठ नागरिकलाई पनि प्राप्त हुन्छन्। निश्चित समूहको अधिकारहरूको रक्षार्थ अन्तराष्ट्रिय प्रतिज्ञापत्र, महासन्धिहरू जस्तै महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९(CEDAW), बाल अधिकारसम्बन्धी महासन्धि,१९८९(CRC) लाई अनुमोदन गरी कार्यान्वयन गरिए तापनि ज्येष्ठ नागरिकको अधिकारको विषयमा भने कुनै पनि विशिष्ट महासन्धि वा प्रतिज्ञापत्र अन्तराष्ट्रिय रूपमा अनुमोदन गरिएको छैन। यस क्षेत्रमा क्रियाशील विभिन्न अन्तराष्ट्रिय सङ्घसंस्थाहरूले यस आवश्यकतालाई टड्कारो रूपमा औंल्याएका छन्।

यद्यपि, संयुक्त राष्ट्रसङ्घ मातहतमा ज्येष्ठ नागरिकको संरक्षण, संवर्द्धनका सम्बन्धमा केही सिद्धान्त तथा कार्ययोजना भने पारित भएका छन्। ती मध्ये केही निम्नानुसार छन:-

अ) Vienna International Plan of Action on Ageing, adopted by UNGA in1982,

आ) Madrid International Plan of Action on Ageing, 2002,

इ) United Nations Principles for Older Persons (GA resolution 46/91), 1991

संयुक्त राष्ट्रसङ्घको महासभाले ज्येष्ठ नागरिकका सम्बन्धमा देहायका सिद्धान्त पारित गरी सोही सिद्धान्तबमोजिम सबै सदस्य राष्ट्रलाई आफ्नो अवस्था अनुसार कार्य गर्न निर्देश गरेको थियो:-

**स्वाधीनता सम्बन्धी सिद्धान्त (Principle of Independence):**

- ज्येष्ठ नागरिकलाई उचित प्रकारको शिक्षा र तालिमको व्यवस्था,
- आफ्नो परिवार, समुदायबाट वा स्वावलम्बी रूपमा आधारभूत आवश्यकता पूरा गर्ने र हेरविचारको स्वतन्त्रता।

**सहभागिताको सिद्धान्त (Principle of Participation):**

- आफू सम्बन्धित वा आफू प्रभावित हुन सक्ने नीति निर्माण र कार्यान्वयनमा सहभागिताको सुनिश्चितता,
- संगठन वा संस्था निर्माण र सहभागिताको सुनिश्चितता।

**हेरविचारको सिद्धान्त (Principle of Care):**

- आफ्ना शारीरिक, मानसिक र संवेगात्मक स्थितिलाई क्रियाशील राख्न हेरविचारको सुविधा,
- स्वाधीनताको संरक्षणका लागि कानूनी तथा सामाजिक सेवामा पहुँच।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौडा, नेपाल

- **आत्मउन्नति वा आत्मपरिपूर्तिको सिद्धान्त (Principle of Self- fulfilment):**
    - सामाजिक रूपमा उपलब्ध रहेका विभिन्न स्रोत, साधनको उपभोगमा पहुँच र आफ्नो विकासको अवसर।
- **प्रतिष्ठा वा मर्यादाको सिद्धान्त (Principle of Dignity):**
    - शोषणमुक्त प्रतिष्ठित जीवनको सुनिश्चितता।

## २.२ संवैधानिक व्यवस्थाः

नेपालको संवैधानिक विकासक्रमलाई ज्येष्ठ नागरिकको अधिकारको दृष्टिकोणबाट हेर्दा नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ११ अनुसार समानताको हकको उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "तर महिला, बालक, ***वृद्ध*** वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिनेछ" भन्ने प्रावधानले ज्येष्ठ नागरिकको हकहितका लागि राज्यले कानून निर्माण गर्न सक्ने रहेको देखिन्छ। यसका साथै राज्यका नीतिहरू अन्तर्गत धारा २६ को उपधारा (९) मा "राज्यले अनाथ बालबालिका, असहाय महिला, ***वृद्ध***, अपाङ्ग र अशक्तहरूको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र ***सामाजिक सुरक्षाको विशेष व्यवस्था*** गर्ने नीति अवलम्बन गर्नेछ" उल्लेख भएकोले ज्येष्ठ नागरिकको संरक्षणप्रति राज्य कटिबद्ध रहेको देखिन्छ। नेपालको अन्तरिम संविधान, २०६३ मा पनि उल्लेखित प्रावधान धारा १३(३) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको थियो। यसका साथै मौलिक हकको रूपमा नै धारा १८ रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक अन्तर्गत उपधारा (२) मा "महिला, श्रमिक, ***वृद्ध***, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ" भनी ज्येष्ठ नागरिकले राज्यबाट सामाजिक सुरक्षा प्राप्त गर्ने हकलाई सुनिश्चित गरेको र राज्यका नीतिहरू अन्तर्गत धारा ३५ को उपधारा (९) मा "राज्यले एकल महिला, अनाथ, बालबालिका, असहाय, ***वृद्ध***, अपाङ्ग, अशक्त र लोपोन्मुख जातिको संरक्षण र उन्नतिका लागि ***सामाजिक सुरक्षाको विशेष व्यवस्था*** गर्ने नीति अवलम्बन गर्नेछ" भन्ने पूर्ववर्ती संविधानकै व्यवस्थालाई निरन्तरता दिएको थियो।

**वर्तमान संवैधानिक व्यवस्थाः**

संविधान सभाद्वारा निर्मित वर्तमान संविधानमा ज्येष्ठ नागरिकको अधिकारको सन्दर्भमा थप फराकिलो व्यवस्था गरेको छ। नेपालको संविधानको धारा १८ ले **समानताको हक** सुनिश्चित गर्दै सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्, कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित गरीने छैन भन्ने व्यवस्था गरेको छ। सोही धाराको उपधारा (३) मा राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भन्ने व्यवस्था गरी, त्यसको प्रतिवन्धात्मक वाक्यांशभित्र "तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू,



प्रमुख सचिव

मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।" भनी जेष्ठ नागरिकहरूलाई विशेष कानुन बनाएर विशेष सुविधा दिनसक्ने गरी व्यवस्था गरेको देखिन्छ। साथै, संविधानको धारा ४१ ले "ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ" भनी ज्येष्ठ नागरिकको हकलाई छुट्टै मौलिक हकको रूपमा पनि व्यवस्था गरेको छ। अन्य मौलिक हकहरू जस्तै सम्मानपूर्वक बाँच्न पाउने हक (धारा १६), स्वतन्त्रताको हक (धारा १७), स्वास्थ्य सम्बन्धी हक (धारा ३५) लगायतका अन्य मौलिक हकबमोजिम पनि ज्येष्ठ नागरिकहरूले सुविधा प्राप्त गर्न सक्ने हुन्छन्।

## २.३ कानूनी व्यवस्था:

### २.३.१ ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३

ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरूमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरूप्रति आदर तथा सद्भावको अभिवृद्धि गर्न यो ऐन तर्जुमा भएको देखिन्छ। यो ऐन ज्येष्ठ नागरिकका सम्बन्धमा आवश्यक व्यवस्था गरी बनेको पहिलो विशेष कानूनी व्यवस्था हो। समयसमयमा भएका संशोधनहरूसहित यही कानूनी व्यवस्था ज्येष्ठ नागरिकको सम्बन्धमा कार्यान्वयनमा रहेको छ।

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ (संशोधन सहित) का केही उल्लेखनीय व्यवस्थाहरू देहायबमोजिम रहेका छन:-

(क) "ज्येष्ठ नागरिक" भन्नाले साठी वर्ष उमेर पूरा गरेको नेपाली नागरिकलाई बुझाउने,

(ख) ज्येष्ठ नागरिकलाई सम्मान गर्नु सबैको कर्तव्य हुने,

(ग) ज्येष्ठ नागरिकलाई आफ्नो आर्थिक हैसियत तथा इज्जत आमद अनुसार पालनपोषण तथा हेरचाह गर्नु परिवारको प्रत्येक सदस्यको कर्तव्य हुने,

(घ) कसैले ज्येष्ठ नागरिकको इच्छा विपरित निजलाई परिवारबाट अलग राख्न वा अलग बस्न बाध्य गराउनु नहुने,

(ङ) प्रचलित कानून बमोजिम अंशबण्डा गरिरहनु नपर्ने, आफ्नो अंशभागको चल, अचल र सोबाट बढेबढाएको सम्पत्ति ज्येष्ठ नागरिकले आफू खुशी प्रयोग गर्न पाउने,

(च) सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग प्रदान गर्नु गराउनु सबैको कर्तव्य हुने,

(छ) नेपाल सरकारले सार्वजनिक सूचना प्रकाशन गरी तोकेका सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारी धनी वा सञ्चालकले ज्येष्ठ नागरिकको लागि कम्तीमा दुईवटा सिट सुरक्षित राख्नु पर्ने र निजलाई यात्रु भाडादरमा कम्तीमा पचास प्रतिशत छुट दिनु पर्ने,

(ज) केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति, जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति, ज्येष्ठ नागरिक कल्याण कोषको व्यवस्था गरिने,

(झ) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सरकारवादी भई चलेको कुनै मुद्दामा कैद सजाय पाई कैद भोगिरहेको ज्येष्ठ नागरिकलाई निजको उमेर र कसूरको अवस्था हेरी देहायबमोजिमको कैद छुट दिन सकिनेछः-

(१) पैंसट्ठी वर्ष उमेर पूरा भई सत्तरी वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पच्चीस प्रतिशतसम्म,

(२) सत्तरी वर्ष उमेर पूरा भई पचहत्तर वर्ष ननाघेको ज्येष्ठ नागरिकलाई पचास प्रतिशतसम्म,

(३) पचहत्तर वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकलाई पचहत्तर प्रतिशतसम्म।

ज्येष्ठ नागरिकको सम्बन्धमा बनेको विशेष कानून भएकाले यस ऐनमा ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षणका निमित्त समसामयिक व्यवस्था गरेको छ।

### २.३.२ मुलुकी देवानी संहिता, २०७४

**दफा १२२: आमा बाबुलाई आदर,सम्मान र हेरचाह गर्नु पर्ने**

(१) प्रत्येक छोरा छोरीले आफ्ना आमा बाबुलाई आदर तथा सम्मानका साथ व्यवहार गर्नु पर्नेछ।

(२) प्रत्येक छोरा छोरीले आमा बाबुलाई एकासगोलमा बसेको वा कानूनबमोजिम भिन्न भइसकेको जेसुकै भए तापनि आफ्नो आर्थिक तथा सामाजिक हैसियत अनुसार आवश्यक हेरचाह,स्याहार सम्भार, औषधोपचार वा रेखदेख गर्नु पर्नेछ।

### २.३.३ मुलुकी अपराध संहिता, २०७४

**दफा १८४: आफ्नो संरक्षकत्वमा रहेको व्यक्तिलाई फाल्न वा परित्याग गर्न नहुने**

(१) कुनै नवजात शिशु,बालबालिका,अशक्त रोगी वा वृद्ध व्यक्तिलाई आफूले हेरचाह वा स्याहार सम्भार गर्ने कर्तव्य भएको व्यक्तिले निजको जिउ,ज्यानमा खतरा पुग्न सक्ने गरी फाल्न,परित्याग गर्न वा वेवास्ता गरी छोड्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

(३) उपदफा (१) बमोजिमको कसूरबाट त्यस्तो बालबालिका, अशक्त, रोगी वा वृद्ध व्यक्ति मरेको रहेछ भने कसूरदारलाई सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

**२.३.४ जनस्वास्थ्य ऐन, २०७५**

दफा ३(४) घ) ले प्रत्येक ज्येष्ठ नागरिकलाई आधारभूत स्वास्थ्य सेवाहरू निःशुल्क प्राप्त गर्ने हक हुने उल्लेख गरेको छ।

**२.३.५ सामाजिक सुरक्षा ऐन, २०७५ मा भएको ज्येष्ठ नागरिक भत्ता सम्बन्धी व्यवस्था**

(१) दलित र एकल महिला ज्येष्ठ नागरिकले साठी वर्ष उमेर पूरा गरेपछि र अन्य ज्येष्ठ नागरिकले सत्तरी वर्ष उमेर पूरा गरेपछि सामाजिक सुरक्षा भत्ताको रूपमा नेपाल सरकारले तोके बमोजिमको ज्येष्ठ नागरिक भत्ता पाउनेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले कुनै निश्चित क्षेत्र तोकी त्यस्तो बसोवास गर्ने उपदफा (१) बमोजिमको उमेर नपुगेका ज्येष्ठ नागरिकलाई समेत त्यस्तो भत्ता उपलब्ध गराउन सक्नेछ।

**२.३.६ ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले गरेका केही व्यवस्थाहरूलाई क्रियाशील बनाउनका निमित्त नेपाल सरकारले यस नियमावलीको निर्माण गरेको हो। यस नियमावलीमा मूलतः केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति, जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको कार्यविधि तथा हेरचाह केन्द्रको स्थापनाका सम्बन्धमा आवश्यक प्रावधानहरूको व्यवस्था गरिएको छ।

साथै ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक परिचयपत्र उपलब्ध गराउने तथा व्यायमशाला, पौडि पोखरी, खेलकूद मैदान वा कुनै पनि प्रकारको मनोरञ्जनस्थल, शौचालय, पुस्तकालय, वाचनालय वा प्रतीक्षालय, प्राथमिक उपचार केन्द्र, प्राथमिक उपचारक सहितको ज्येष्ठ नागरिक क्लबको स्थापना गर्ने सम्बन्धमा समेत व्यवस्था यस नियमावलीमा गरिएको छ।

**२.३.७ ज्येष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२**

ज्येष्ठ नागरिकहरूको पूर्ण मानव अधिकारको रक्षाका लागि तथा व्यवस्थित, समन्वयात्मक, परिणाममुखी एवं योजनावद्ध ढंगले ज्येष्ठ नागरिकको विकासका लागि कार्य गर्ने लगायतका आवश्यकताहरूको बोध भई नेपाल सरकारले ज्येष्ठ नागरिकको हकहितको संरक्षण र संवर्द्धनका लागि दीर्घकालीन उद्देश्य तथा रणनीति सहित यो कार्ययोजना बनाएको थियो।

प्रमुख सचिव



Scanned with CamScanner

## ३. नीतिको आवश्यकता

नेपालको संविधान अनुसार मौलिक हकको रूपमा ज्येष्ठ नागरिकले राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षा प्राप्त गर्ने संवैधानिक व्यवस्था रहेको छ। विधिशास्त्रीय दृष्टिकोणमा सो अधिकार सकरात्मक अधिकार (Positive Right) को रूपमा रहेको देखिन्छ जसको प्रचलनका लागि राज्यले आफ्नो तर्फबाट सक्रिय दायित्व निर्वाह गर्नुपर्ने हुन्छ। विश्वव्यापी रूपमा संयुक्त राष्ट्र सङ्घबाट ज्येष्ठ नागरिकको जीवनलाई सम्मानित, मर्यादित बनाउन सिद्धान्त तथा कार्ययोजना पारित भएको र यस सम्बन्धमा महासन्धिको व्यवस्था गर्नका लागि विभिन्न प्रयास भइरहेको तथ्यले ज्येष्ठ नागरिकको अधिकारहरूको प्रचलन एवं विशिष्ट समुहको रूपमा ज्येष्ठ नागरिकहरूको कल्याणका लागि राज्यको दायित्व दिनानुदिन बढ्दै गइरहेको देखिन्छ।

ज्येष्ठ नागरिकप्रति राज्य र समाजको दृष्टिकोण र दायित्वमा आएको आमूल परिवर्तन अनुरूप सङ्घीय सरकारले विभिन्न समयमा ज्येष्ठ नागरिकको जीवयापनलाई सम्मानित, मर्यादित र सरल बनाउने मनसायसहित ऐन, नियम र कार्ययोजना बनाएर लागु गरेको छ तथापि ती कानूनी दस्तावेजहरूको कार्यन्वयनमा विभिन्न चुनौतीहरू सतहमा देखिएका छन्। यसै सन्दर्भमा बागमती प्रदेश सरकारले पनि ज्येष्ठ नागरिकप्रति रहेको संवैधानिक, कानूनी तथा नैतिक दायित्वको परिपूर्तिका लागि ज्येष्ठ नागरिकसम्बन्धी नवीनतम आयामहरूलाई समावेश गरी सङ्घीय सरकारले विभिन्न समयमा जारी गरेका ऐन, नियम, कार्ययोजना अनुकूल एउटा यथार्थपरक, व्यवहारिक र सामयिक प्रादेशिक नीति जारी गरी लागू गर्नुपर्ने देखिन्छ।

## ४. मुख्य चुनौतीहरू

ज्येष्ठ नागरिकहरूको मानव अधिकारको रक्षाका लागि तथा यससँग सम्बन्धित अन्य काम कारवाही सञ्चालन गर्नका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनी व्यवस्थाहरू रहे तापनि ती कानूनी व्यवस्थाको प्रभावकारी प्रचलन भने सधैं मुख्य चुनौतीको रूपमा रहेको छ। ज्येष्ठ नागरिकका सम्बन्धमा बागमती प्रदेशले सामना गर्नुपर्ने चुनौतीहरू यस प्रकार रहेका छन:-

४.१ बढ्दो जनसङ्ख्याको अनुपातमा ज्येष्ठ नागरिक लक्षित बजेट, कार्यक्रम एवं साधनस्रोतको अभाव रहेको,

४.२ पूर्वीय दर्शन र सभ्यताबाट अनुप्राणित हाम्रो समाजको आधारशीलाको रूपमा रहेको संयुक्त परिवार प्रथामा विभिन्न सामाजिक, आर्थिक तथा सांस्कृतिक कारणवश क्रमशः विचलन आई एकल परिवारले स्थान लिंदै गएकोले ज्येष्ठ नागरिकलाई उमेरको आवश्यकता अनुसार पारिवारिक साथ सहयोग रहन नसकेको,

४.३ ज्येष्ठ नागरिकलाई उमेर अनुसार स्वास्थ्यसेवा र रेखदेख गर्ने उपयुक्त जनशक्तिको कमी रहको,

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

४.४ निजी क्षेत्र, सङ्घसंस्था एवं स्थानीय रूपमा क्रियाशील सञ्जालहरूलाई यस क्षेत्रमा समाहित गर्नका लागि प्रभावकारी कार्यक्रम गर्न नसकिएको,

४.५ विद्यमान नीति कार्यक्रम कार्यान्वयनको उपयुक्त संस्थागत संरचना र समन्वयको कमी रहेको,

४.६ ज्येष्ठ नागरिकहरूको सीप, ज्ञान र अनुभवको उपयोग एवं संस्कार, सभ्यता, संस्कृति र सामाजिक मूल्यको पुस्तान्तरण गर्ने उपयुक्त कार्यक्रमको कमी रहेको,

४.७ स्तरीय र उपयुक्त बृद्धाश्रम, दिवा सेवा केन्द्र र संस्थाहरूको विकास हुन नसकेको,

४.८ कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित निकायको प्राथमिकतामा नपर्नु तथा अन्तरसम्बन्धित निकायहरूमा नीतिगत सामन्जस्यता र समन्वयको कमी, आदि।

## ५. नीतिको दीर्घकालीन लक्ष्य

"राज्यको सम्पत्ति -ज्येष्ठ नागरिकको सीप, अनुभव र ज्ञानः

सुनिश्चत गरौं -सम्मानित, मर्यादित र सुखमय जीवन"

## ६. प्रमुख उद्देश्यः

६.१ सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषणबाट ज्येष्ठ नागरिकलाई संरक्षण गर्ने,

६.२ ज्येष्ठ नागरिकहरूमा रहेको ज्ञान, सीप, अनुभव, संस्कार र संस्कृतिको उच्च मुल्याङ्कन गर्दै सोको उचित प्रयोग तथा पुस्तान्तरण गर्ने,

६.३ ज्येष्ठ नागरिकलाई उमेर अनुकुल आवश्यक सामाजिक सुरक्षा, स्वास्थ्य सुविधा, स्याहार तथा हेरचाहको व्यवस्था गरी ज्येष्ठ नागरिकको आत्मोन्नति सुनिश्चित गर्ने,

६.४ ज्येष्ठ नागरिकको अधिकारको सुरक्षा र संवर्द्धन गरी भेदभाव रहित, सुरक्षित र मर्यादित जीवनयापनको सुनिश्चितता गर्ने,

६.५ विद्युतीय र सूचना प्रविधिको समसामयिक विकास अनुरूप ज्येष्ठ नागरिकलाई सोसँग परिचित गराउने र सोको प्रयोग गर्न सक्षम बनाउने।

## ७. नीतिः

७.१ जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएका, पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएका तथा परिवारको सदस्य भए पनि निजले पालनपोषण नगरी अपहेलित वा उपेक्षित जीवनयापन गर्नु परेका असहाय ज्येष्ठ नागरिक तथा मानसिक वा शारिरीक रूपले अशक्त ज्येष्ठ नागरिकहरूको जीवनयापनलाई सम्मानित, मर्यादित, सरल र सुलभ बनाउने,

७.२ ज्येष्ठ नागरिक परिचयपत्र वितरण गर्ने जिम्मेवार निकायसँग समन्वय गर्दै ज्येष्ठ नागरिक परिचयपत्रको वितरणमा सहजता र प्रयोगमा विस्तार ल्याउने,

प्रमुख सचिव

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

७.३ सरकारी संस्थागत एवं निजी अस्पताल, क्लिनिक, शिविर लगायत स्वास्थ्य केन्द्रहरू मार्फत् ज्येष्ठ नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने, स्वास्थ्य सम्बन्धी अन्य आवश्यक सेवाहरूलाई विस्तार गर्दै सर्वसुलभ र सहुलियतपूर्ण बनाउने,

७.४ ज्येष्ठ नागरिकलाई आत्मसम्मानपूर्ण जीवनयापन गर्ने तथा आत्मोन्नतिको वातावरण सिर्जना गर्न क्षमता अनुसारको आयमूलक कार्यक्रममा सरिक गराउने,

७.५ ज्येष्ठ नागरिकलाई उमेर तथा समयानुरूप अध्ययन, चिन्तन, मनोरन्जनका गतिविधिहरूमा संलग्न गराउन सो क्षेत्रमा सक्रिय सरकारी तथा गैरसरकारी सङ्घसंस्थासँग समन्वय गरी आवश्यक र उपयुक्त कार्यक्रमहरू सञ्चालन गर्ने,

७.६ ज्येष्ठ नागरिक एक विशिष्ट वर्गको रूपमा रहेको संवैधानिक तथा कानूनी तथ्यलाई मध्यनजर गर्दै सरकारीस्तरबाट प्रदान गरिने सेवा तथा सुविधामा विशेष छुट तथा प्राथमिकताको सुनिश्चितता गर्ने,

७.७ ज्येष्ठ नागरिकमा भएका ज्ञान, सीप, अनुभव, संस्कृति, संस्कार एवं सामाजिक मूल्यमान्यताहरू भावी पुस्ताका लागि अपरिहार्य रहेको हुँदा यस्ता ज्ञान, सीप तथा अनुभवको पुस्तान्तरणका लागि उपयुक्त वातावरणको निर्माण गर्ने,

७.८ "ज्येष्ठ नागरिक दायित्व मात्र होइनन् सम्पत्ति पनि हुन्" भन्ने मान्यतालाई अङ्गीकार गरी मातृ देवो भवः पितृ देवो भवः को सांस्कृतिक मूल्यको उचित संरक्षण गर्दै समाज तथा परिवारका सदस्यको मानवीय, पारिवारिक, कानूनी तथा नैतिक दायित्व र जिम्मेवारी बमोजिमको कार्य गर्न सबैलाई प्रोत्साहन गर्ने,

७.९ समयसमयमा आइपर्ने आकस्मिक विपद् तथा महामारीका कारण ज्येष्ठ नागरिकहरूमा पर्न जाने शारीरिक, मानसिक, मनोवैज्ञानिक क्षतिको न्युनीकरण गरी सामान्य परिस्थितिको निर्माण गर्नका लागि स्वास्थ्य परामर्श, मनोवैज्ञानिक परामर्श कार्यक्रम सञ्चालन गर्ने,

७.१० विघुतीय र सूचना प्रविधिमा आएको आमूल परिवर्तनका सकारात्मक परिणामहरूको मद्दतले ज्येष्ठ नागरिकको जीवन थप सरल र सहज बनाउनका लागि अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवस २०२१ को नारा "Digital Equity for All Ages" (सबै उमेर समुहका लागि विघुतीय प्रविधिको प्रयोगमा समता) लाई सार्थकता दिन सम्बन्धित निकायहरूसँग समन्वय गर्ने र सूचना प्रविधिको नकरात्मक असरबाट ज्येष्ठ नागरिकहरूलाई जोगाउने।

## ८. रणनीति

प्रदेश सरकारका उल्लेखित नीतिहरू मुख्यतः ज्येष्ठ नागरिकको अधिकारको सुरक्षा र सम्वर्द्धनको मनसायका साथ तर्जुमा गरिएका हुन्। ज्येष्ठ नागरिकहरू विशिष्ट वर्गको रूपमा यस नीति अन्तर्गतका कार्यक्रमहरूका प्रत्यक्ष लाभग्राही भए तापनि यस नीति अन्तर्गतका कार्यक्रमहरूले सम्पूर्ण समाज तथा राष्ट्रको सर्वोत्तम हितको प्रवर्द्धन गरी सभ्य र समतामुलक समाजको निर्माण गर्नमा मद्दत गर्दछन्। यस नीतिको प्रभावकारी कार्यन्वयन सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय निकायहरू तथा राष्ट्रसङ्घीय



प्रमुख सचिव

नियोगहरू तथा अन्य गैरसरकारी एवं सामुदायिक संस्थाहरूको उपयुक्त समन्वयका आधारमा मात्र सम्वभ छ।

ज्येष्ठ नागरिक सम्बन्धी नीतिको कार्यान्वयनका निमित्त उपलब्ध स्रोत साधनको उचित प्रयोग तथा परिचालन गर्न देहायका रणनीतिहरू अवलम्बन गरिनेछः-

८.१ जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएका, पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएका तथा परिवारको सदस्य भए पनि निजले पालनपोषण नगरी अपहेलित वा उपेक्षित जीवनयापन गर्नु परेका असहाय ज्येष्ठ नागरिक तथा मानसिक वा शारिरीक रूपले अशक्त ज्येष्ठ नागरिकहरूको जीवनयापनलाई सम्मानित, मर्यादित र सरल बनाउने **(नीति ७.१ सँग सम्बन्धित)**।

८.१.१ ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा बापत प्रदान गरिने ज्येष्ठ नागरिक भत्तामा लक्षित वर्गको पहुँचलाई विस्तार गर्ने,

८.१.२ असहाय ज्येष्ठ नागरिकहरूको हेरचाहका लागि प्रत्येक स्थानीय निकायमा हेरचाह केन्द्र तथा वृद्धाश्रमको स्थापना गर्ने, सो को लागि स्थानीय तहमा ज्येष्ठ नागरिकको जनसंख्यालाई आधार लिई आवश्यकताको आधारमा स्थानीय तहलाई हेरचाह केन्द्र तथा वृद्धाश्रम स्थापना गर्नका लागि प्रोत्साहित गर्ने,

८.१.३ हेरचाह केन्द्र तथा वृद्धाश्रमको स्थापना गर्न गैरसरकारी सङ्घसंस्थालाई समेत प्रोत्साहन गर्ने,

८.१.४ परिवारबाट अलग रहेका ज्येष्ठ नागरिकलाई निजको पारिवारिक पुनर्स्थापना र पुनर्मिलनको वातावरण सिर्जना गर्न जनशक्तिको परिचालन गर्ने ।

८.१.५ आफूले हेरचाह वा स्याहार सम्भार गर्ने कर्तव्य भएको व्यक्तिले आफ्नो परिवारका ज्येष्ठ नागरिकलाई हेलाहोचो गर्ने, हिंसा तथा अभद्र व्यवहार गर्ने, प्रचलित कानूनबमोजिम अंशबण्डा गर्नु नपर्ने चल अचल सम्पत्ति जबर्जस्ती नियन्त्रण वा स्वामित्वमा लिने र इच्छा विपरित घर निकाला गरेको पाइएमा स्थानीय प्रशासन समेतको सहयोगमा कानूनी कारवाहीको दायरामा ल्याउने।

८.२ ज्येष्ठ नागरिक परिचयपत्र वितरण गर्ने जिम्मेवार निकायसँग समन्वय गर्दै ज्येष्ठ नागरिक परिचयपत्रको वितरणमा सहजता र प्रयोगमा विस्तार ल्याउने **(नीति ७.२ सँग सम्बन्धित)**।

८.२.१ ज्येष्ठ नागरिक परिचयपत्र वितरण गर्न जिम्मेवार निकायसँग समन्वय गर्दै लक्षित वर्गका व्यक्तिहरूमा सर्वसुलभ ढंगले पुऱ्याउने,

८.२.२ ज्येष्ठ नागरिकको परिचयपत्र भएका नागरिकहरूलाई राज्यबाट प्रवाहित हुने सेवा लिने क्रममा कार्यालय स्थलमा प्राथमिकता दिने,

८.२.३ लामो तथा छोटो दुरीका सवारीसाधनमा ज्येष्ठ नागरिक परिचयपत्रका आधारमा बस भाडामा हुने सहुलियतको सुनिश्चितता गर्ने र सो कुराको प्रभावकारी कार्यान्वयनका लागि समयसमयमा अनुगमन गर्ने,

८.२.४ नागरिकताको अभावमा सामाजिक सुरक्षा भत्ता पाउन नसकेका नेपाली ज्येष्ठ नागरिकहरूका लागि प्रचलित कानूनबमोजिम नेपाली नागरिकताको प्रमाणपत्र दिलाउन स्थानीय प्रशासनसँग आवश्यक समन्वय गर्ने।

८.३ सरकारी संस्थागत एवं निजी अस्पताल, क्लिनिक, शिविर लगायत स्वास्थ्य केन्द्रहरू मार्फत् ज्येष्ठ नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने, स्वास्थ्य सम्बन्धी अन्य आवश्यक सेवाहरूलाई विस्तार गर्दै सर्वसुलभ र सहुलियतपूर्ण बनाउने (नीति ७.३ सँग सम्बन्धित)

८.३.१ ज्येष्ठ नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्ने, निजी संस्थाबाट त्यस्तो सेवा प्राप्त गर्दा संस्थागत सामाजिक दायित्त्व अन्तर्गत ज्येष्ठ नागरिकले पाउने सहुलियत तथा शुल्क मिनाहा गर्ने व्यवस्था मिलाउने,

८.३.२ असहाय ज्येष्ठ नागरिकहरूलाई आधारभूत स्वास्थ्य सेवाका अतिरिक्त सरकारी तथा निजी स्वास्थ्य संस्थाबाट निःशुल्क स्वास्थोपचारको व्यवस्था गर्ने,

८.३.३ स्थानीय निकायसँग समन्वय गर्दै स्वास्थ्य सम्बन्धी परामर्श प्रदान गर्न समयसमयमा निःशुल्क स्वास्थ्य शिविरको सञ्चालन गर्ने,

८.३.४ दीर्घरोगबाट पीडित ज्येष्ठ नागरिकहरूको स्याहारसम्भार तथा उपचारका लागि आर्थिक सहयोगको व्यवस्था गर्ने,

८.३.५ आधारभूत स्वास्थ्य केन्द्र तथा अस्पतालहरूमा ज्येष्ठ नागरिकहरूका लागि एकीकृत स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाउने,

८.३.६ प्रदेश सरकारको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालयसँगको समन्वयमा प्रदेश सरकारको जिल्लामा रहेका अस्पतालहरुमा ज्येष्ठ नागरिकका लागि छुट्टै वार्ड/युनिटको स्थापना एवम् सञ्चालन गर्ने,

८.४ ज्येष्ठ नागरिकलाई आत्मसम्मानपूर्ण जीवनयापन गर्ने तथा आत्मोन्नतिको वातावरण सिर्जना गर्न क्षमता अनुसारको आयमूलक कार्यक्रममा सरिक गराउने, (नीति ७.४ सँग सम्बन्धित)

८.४.१ कुनै निश्चित सेवाबाट उमेर हदका कारण अवकाश पाएका ज्येष्ठ नागरिकहरूले चाहेको अवस्थामा सोही क्षेत्रमा संलग्न रहेर स्वयंसेवकको रूपमा कार्य गर्ने वातावरण सिर्जना गर्ने,

८.४.२ ज्येष्ठ नागरिकहरूमा भएको ज्ञान, सीप, अनुभव र क्षमताको कदर गर्दै सोको आयमूलक कार्यमा प्रयोग गर्ने व्यवस्था मिलाउने,

८.४.३ ज्येष्ठ नागरिक आश्रममा घरेलु उद्यम सञ्चालन गरी आय आर्जन गर्ने व्यवस्था मिलाउने।

प्रमुख सचिव

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

८.५ ज्येष्ठ नागरिकलाई उमेर तथा समयानुरूप अध्ययन, चिन्तन, मनोरन्जनका गतिविधिहरूमा संलग्न गराउन सो क्षेत्रमा सक्रिय सरकारी तथा गैरसरकारी सङ्घसंस्थासँग समन्वय गरी आवश्यक र उपयुक्त कार्यक्रमहरू सञ्चालन गर्ने (नीति ७.५ सँग सम्बन्धित)

८.५.१ ज्येष्ठ नागरिकहरूलाई उमेर तथा रुचिअनुसार अध्ययन, चिन्तनका लागि समुदायस्तरमा "ज्येष्ठ नागरिक मिलन केन्द्र/ अध्ययन केन्द्र" स्थापना तथा सञ्चालन स्थानीय तहले गर्ने तथा प्रदेश ज्येष्ठ नागरिक कल्याण समिति र जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिको गठन प्रकृयालाई सहजीकरण गर्ने। उक्त प्रयोजनका लागि प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेको विविध खातामा रहने गरी ज्येष्ठ नागरिक कल्याण कोषको स्थापना गरिने।

८.५.२ राष्ट्रिय टेलिभिजन, रेडियो तथा पत्रपत्रिकासँग आवश्यक सहकार्य गरी ज्येष्ठ नागरिकका अनुभव सम्प्रेषण गर्ने व्यवस्था मिलाउने तथा उनीहरूलाई रुचिकर रहने धारावाहिक कार्यक्रम तथा प्रकाशनको व्यवस्था गर्ने,

८.५.३ पर्यटन व्यवसायी तथा अन्य सरकारी निकायको सहकार्यमा यस प्रदेशभित्र रहेका पर्यटकीय तथा धार्मिक स्थलको भ्रमणमा ज्येष्ठ नागरिकहरूलाई प्रोत्साहन गर्न ज्येष्ठ नागरिकका लागि विशेष सहुलियतको व्यवस्था गर्ने,

८.५.४ दक्षता र अनुभवको आधारमा विश्वविद्यालय, क्याम्पस तथा विद्यालयहरूमा ज्येष्ठ नागरिकहरूले प्राज्ञिक प्रस्तुति दिने तथा अनुभव सुनाउने व्यवस्था मिलाउने,

८.५.५ ज्येष्ठ नागरिकहरूका लागि समयसमयमा विभिन्न स्थलमा प्रवचन तथा अन्तरक्रियात्मक कार्यक्रमको सञ्चालन गर्ने,

८.६ ज्येष्ठ नागरिक एक विशिष्ट वर्गको रूपमा रहेको संवैधानिक तथा कानूनी तथ्यलाई मध्यनजर गर्दै सरकारीस्तरबाट प्रदान गरिने सेवा तथा सुविधामा विशेष छुट तथा प्राथमिकताको सुनिश्चितता गर्ने, (नीति ७.६ सँग सम्बन्धित)

८.६.१ नेपाल सरकारबाट प्रदान गरिने सरकारी सेवामा ज्येष्ठ नागरिकको पहुँचलाई विस्तार गर्ने,

८.६.२ सरकारी कार्यालयहरूलाई भौतिक संरचनाको दृष्टिकोणबाट ज्येष्ठ नागरिकमैत्री बनाउने,

८.६.३ प्रदेश कानुनले निश्चित मापदण्डले निर्धारण गरेअनुसार गरीब, असहाय र निम्न आय भएका जेष्ठ नागरिकलाई निःशुल्क कानुनी सेवा (फ्री लिगल एड) को व्यवस्था गर्ने,

८.७ ज्येष्ठ नागरिकमा भएका अमूल्य ज्ञान, सीप, अनुभव, संस्कृति, संस्कार एवं सामाजिक मूल्यमान्यताहरू भावी पुस्ताका लागि अपरिहार्य रहेको हुँदा ती ज्ञान, सीप तथा अनुभवको पुस्तान्तरणका लागि उपयुक्त वातावरणको निर्माण गर्ने (नीति ७.७ सँग सम्बन्धित)

८.७.१ ज्येष्ठ नागरिकले आर्जन गरेका ज्ञान तथा सीपको हस्तान्तरणका लागि कार्यक्रम सञ्चालन गर्ने,

प्रमुख सचिव

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

८.७.२ कुनै निश्चित क्षेत्रमा विशिष्ट अनुभव बटुलेका ज्येष्ठ नागरिकहरूसँग सो क्षेत्रमा केही काम कारबाहीमा सल्लाह, सुझाव लिने व्यवस्था मिलाउने,

८.७.३ ज्येष्ठ नागरिकमा भएका विविध क्षेत्रका अमूल्य ज्ञान, सीप तथा अनुभवहरू सँगालेर अध्ययनको सामग्री तयार गर्ने,

८.७.४ भावी पुस्ताका लागि विशेष महत्व राख्ने कला, संगीत, संस्कृति, धर्मलगायतका अन्य परम्परागत तथा ऐतिहासिकप्रचलनसँग सम्बन्धित रहेर श्रव्यदृश्य सामग्री तयार गरी प्रचारप्रसार गर्ने र सोको विद्युतीय माध्यममा अभिलेखिकरण समेत गर्ने,

८.७.५ प्रदेश तथा स्थानीय तहले वार्षिक योजना तथा कार्यक्रम बनाउँदा उक्त क्षेत्रमा अनुभवी ज्येष्ठ नागरिकहरूबाट राय सुझाव लिने व्यवस्था गर्ने,

८.८ "ज्येष्ठ नागरिक दायित्व मात्र होइनन् सम्पत्ति पनि हुन्" भन्ने मान्यतालाई अङ्गीकार गरी मातृ देवो भवः पितृ देवो भवः को सांस्कृतिक मूल्यको उचित संरक्षण गर्दै समाज तथा परिवारका सदस्यको मानवीय, पारिवारिक, कानूनी तथा नैतिक दायित्व र जिम्मेवारी बमोजिमको कार्य गर्न सबैलाई प्रोत्साहन गर्ने, (नीति ७.८ सँग सम्बन्धित)

८.८.१ ज्येष्ठ नागरिक दायित्व मात्र होइनन् सम्पत्ति पनि हुन् भन्ने अवधारणालाई विद्युतीय माध्यमद्वारा प्रचारप्रसार गर्ने,

८.८.२ ज्येष्ठ नागरिकप्रति समाजका अन्य सबै सदस्यहरूको नैतिक तथा कानूनी दायित्व रहेको बोध गराउन सञ्चार माध्यममार्फत चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

८.८.३ आधारभूत तथा माध्यमिक तहका पाठ्यक्रममा ज्येष्ठ नागरिकप्रति उचित सम्मानको भावना सिर्जना गर्ने प्रकृतिका सामग्रीहरू समावेश गर्ने,

८.८.४ समाजमा संयुक्त परिवारको महत्त्व र आवश्यकताका सन्दर्भमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने,

८.८.५ परिवारमा पछिल्लो पुस्ताले नवीनतम ज्ञान तथा प्रविधिको प्रयोगसम्बन्धी ज्ञान अघिल्लो पुस्तालाई संचारण गर्ने र अघिल्लो पुस्ताले आफ्ना अनुभव, पुर्खाहरूले गरेका सत्कार्य एवं सङ्घर्ष र सफलताका कथाहरू पछिल्लो पुस्तालाई जानकारी गराउने पारिवारिक संस्कृतिको विकास गर्ने,

८.८.६ बुढ्यौलीपनका सामाजिक, आर्थिक, मानसिक, धार्मिक एवं मानवीय पक्षहरूको वृहत् र व्यवहारिक अध्ययनका लागि प्रदेशमा रहेका विश्वविद्यालयमा Gerontology अध्ययन अध्यापन गराउने,

८.९ समयसमयमा आइपर्ने आकस्मिक विपद् तथा महामारीका कारण ज्येष्ठ नागरिकहरूमा पर्न जाने शारीरिक, मानसिक, मनोवैज्ञानिक क्षतिको न्यूनीकरण गरी सामान्य परिस्थितिको निर्माण गर्नका लागि स्वास्थ्य परामर्श, मनोवैज्ञानिक परामर्श कार्यक्रम सञ्चालन गर्ने, (नीति ७.९ सँग सम्बन्धित)।

८.९.१ आकस्मिक विपद तथा महामारीका कारण ज्येष्ठ नागरिकमाथि पर्न जाने मनोवैज्ञानीक असरको अध्ययन गरी आवश्यकता अनुसार उपचार तथा मनोसामाजिक परामर्श शिविरको सञ्चालन गर्ने,

८.९.२ विपद् तथा महामारी प्रभावित ज्येष्ठ नागरिकहरूको अभिलेख तयार पारी स्वास्थ्य संस्थामार्फत उनीहरूको स्वास्थ्यको बारेमा उचित जानकारी लिई समयसमयमा परामर्श दिने,

८.१० विद्युतीय र सूचना प्रविधिमा आएको आमूल परिवर्तनका सकारात्मक परिणामहरूको मद्दतले ज्येष्ठ नागरिकको जीवन थप सरल र सहज बनाउनका लागि अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवस २०२१ को नारा "Digital Equity for All Ages" (सबै उमेर समुहका लागि विद्युतीय प्रविधीको प्रयोगमा समता) लाई सार्थकता दिन सम्बन्धित निकायहरूसँग समन्वय गर्ने र सूचना प्रविधिको नकारात्मक असरबाट ज्येष्ठ नागरिकहरूलाई जोगाउने (नीति ७.१० सँग सम्बन्धित)

८.१०.१ विद्युतीय र सूचना प्रविधिमा ज्येष्ठ नागरिकको पहुँच तथा समावेशिता सुनिश्चित गर्न समुदाय स्तरमा ज्येष्ठ नागरिकहरूलाई मोबाइल फोन तथा अनलाइन बैङ्किङको प्रयोग गर्न पछिल्लो पुस्ताले सिकाउने व्यवस्था गर्न उत्प्रेरणात्मक सन्देश प्रवाह गर्ने,

८.१०.२ दुरसञ्चारको क्षेत्रमा ज्येष्ठ नागरिकको पहुँच सुनिश्चित गर्नका लागि सम्बन्धित निकायसँग समन्वय गरी ज्येष्ठ नागरिक परिचयपत्रको आधारमा टेलिफोन सेवा प्याकेज र इन्टरनेट सेवा उपलब्ध गराउन सरोकारवाला सेवाप्रदायहरूसँग समन्वय गर्ने।

## ९. नीति कार्यान्वयनको जिम्मेवार निकाय

प्रदेश सरकारका सामाजिक विकास मन्त्रालय, आन्तरिक मामीला तथा कानून मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, स्वास्थ्य मन्त्रालय, श्रम, रोजगार तथा यातायात हेर्ने मन्त्रालय, उद्योग हेर्ने मन्त्रालय र संस्कृति हेर्ने मन्त्रालयले नीतिको प्रभावकारी कार्यान्वयनको लागि आवधिक रूपमा थप कार्ययोजनाको निर्माण गर्नेछन। उल्लेखित मन्त्रालय अन्तर्गतका निकायहरूद्वारा अन्य सम्बन्धित सरकारी निकाय तथा ज्येष्ठ नागरिकको हकहितको संरक्षण र संवर्द्धनमा कार्यरत राष्ट्रिय, अन्तरराष्ट्रिय तथा स्थानीय स्तरका गैरसरकारी सङ्घसंस्थासँग सहकार्य र समन्वय गरी यस नीतिको कार्यान्वयन गरीनेछ। सङ्घीय सरकारले तर्जुमा गरेका नीति, कार्ययोजना तथा स्थानीय स्तरमा नगरपालिका, गाँउपालिका अन्तर्गतका कार्यक्रमहरूसँग सामञ्जस्यता कायम गर्दै आवश्यकता अनुरूप सम्बन्धित मन्त्रालयले विषयवस्तुको प्रकृतिअनुसार विशिष्टिकृत समितिको गठन गरी त्यस्ता समितिले यस नीतिको कार्यान्वयनमा प्रभावकारी भूमिका खेल्नेछन्।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौडा, नेपाल

## १०. नीति कार्यान्वयनको अनुगमन र मूल्याङ्कन प्रणाली

१०.१. मूलतः यस नीतिको कार्यन्वयनको स्थितिको अनुगमन र मूल्याङ्कन प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले गर्नेछ।

१०.२. नीतिको कार्यान्वयनका लागि मन्त्रालयबाट तोकिएका निकायहरूले आ-आफ्नो कार्य सम्पादन र उपलब्धीहरूको विवरण आवधिक रूपमा मन्त्रालयमा पेश गर्नुपर्नेछ।

१०.३. नीति कार्यन्वयन भएको पाँच वर्ष पश्चात सम्बद्ध सरोकारवाला सबै निकायबाट उचित प्रतिनिधित्वसहित उपयुक्त मूल्याङ्कन प्रविधि र साधन तयार गरी एक अनुगमन र मूल्याङ्कन संयन्त्रको गठन सामाजिक विकास मन्त्रालयले गर्नेछ।

१०.४. नीतिको कार्यन्वयन स्थिति, अनुगमन तथा मूल्याङ्कनको आधारमा निकालिएको निष्कर्षका आधारमा नीतिमा आवश्यक परिमार्जन गरिनेछ।

१०.५. नीति कार्यान्वयनको सिलसिलामा ज्येष्ठ नागरिकलाई प्राप्त हुने सुविधा, आर्थिक सहयोग वा प्रोत्साहन संघीय/प्रदेश सरकार/स्थानीय तहसँग दोहोरोपना नहुने गरी उपलब्ध गराउनु पर्नेछ।

प्रमुख सचिव